नेपाली इसाई मण्डली (ज्ञानेश्वर चर्च)
NEPALI ISAI MANDALI (GYANESHWOR CHURCH)
२०१४/1957

नेपाली इसाई मण्डली

# सूचनापत्र

मासिक

असोज/कार्तिक २०७१ (October 2014) वर्ष १८/अङ्क २११

## म र मेरो परिवार

(“म” भन्नाले परिवारको कुनै पनि सदस्य हुन सक्छ ।)

- पाष्टर डा. राजेन्द्र रोंगोंग

अघिल्लो सूचना पत्रमा म र मेरो परिवार शीर्षक अन्तर्गत केही चर्चा भएको थियो । त्यहाँ हामीले परिवारका सदस्यहरू श्रीमान्-श्रीमती, छोराछोरी, मालिक-सेवक हुन्छन् भनी हेरेका थियौं । हामीले यो पनि हेर्‍यौं कि परमेश्वरले नै परिवारको सृजना गर्नुभएको हो र परिवारको विशेष उद्देश्य परमेश्वरको महिमा र उहाँको सृष्टिको हेरविचार गर्नु हो ।

उक्त लेखमा परिवारबारे छोटकरी व्याख्या मात्र गर्न सकिएको थियो । यो विषय अति गहन छ र यस बारे अनेकौं पुस्तकहरू लेखिएका छन् र लेखिने छन् । परिवारका अनेकौं पक्ष छन् र आजको संसारमा यसलाई हेर्ने, पढ्ने विभिन्न दृष्टिकोण छन् । तर हामी इसाईहरूको निम्ति एउटै दृष्टिकोण वा एउटै आधार छ, त्यो हो बाइबल ।

हामी अन्यजातिहरूका निम्ति प्रभु येशू खीष्टलाई आफ्नो मुक्तिदाता र प्रभु भनी विश्वास गरेर बप्तिस्मा लिएकाहरूलाई हामी परमेश्वरद्वारा नयाँ बनाइएका छौं भनी परमेश्वरका सेवक पावलले बारम्बार स्मरण गराइरहन्छन् र त्यसको आचरणमा जिउनलाई उत्साह दिन्छन् र इसाई परिवारसम्बन्धी पनि यसै अनुरूप शिक्षा दिन्छन् । एफिसी ५:२२–२३ उनले स्पष्टरूपमा परिवारसम्बन्धी आचरणको व्याख्या गरेका छन् । पहिले उनी इसाई श्रीमतीहरूलाई भन्छन्: “पत्नी हो, प्रभुको अधीनमा रहे जस्तै आ–आफ्ना पतिको अधीनमा बस ।” यस अघि एफिसी ५:२१ मा अधीनताको आधरभूत सिद्धान्त उल्लेख गर्छन् । “खीष्टको श्रद्धामा एक–अर्काको अधीनमा बस ।” त्यस पछि सबै इसाई पत्नी/श्रीमतीहरूलाई “अधीनता सम्बन्धी” अर्ती दिन्छन् । यो अर्ती सबै पत्नीहरूको निम्ति हो । श्रीमतीहरू श्रीमान्भन्दा बढी पढेलेखेका, क्षमतावान, धर्मशास्त्रको ज्ञान भएका र अन्य गुण भएकाहरू भएता पनि उनीहरू श्रीमान्को अधीनमा रहनुपर्छ । यसको अर्थ श्रीमान्ले हुकुमी शासन चलाएर श्रीमतीलाई अधीनमा राख्नु भनेको कदापी होइन । यसको वास्तविक अर्थ श्रीमतीले खुशीसाथ स्वेच्छापूर्वक आफूलाई प्रेममा समर्पण गर्नु हो । “आ–आफ्नो पति” वाक्यांशले यो अधीनता एउटै पुरुष तर्फ हुनुपर्छ जसलाई परमेश्वरले पत्नीको शिर हुनलाई दिनुभएको छ ।

आत्माले भरिएकी श्रीमतीले आफ्नो पतिलाई परिवारको शिर परमेश्वरद्वारा निर्धारण गरिएको हो भनी बुझ्नुका साथै, त्यस भन्दा बढी खीष्ट मण्डली रूपी दुलहीको शिर रहनुभए अनुसार पति शिर हुन् भनी बुझ्छिन् र विश्वास गर्छिन् । पतिहरूको निम्ति अझ अर्ती छन्: परिवारमा पतिलाई अधिकारको स्थानमा राखिएको छ तर यो अधिकार सँगै आफ्नी श्रीमतीप्रति गहन जिम्मेवारी दिइएको छ । पतिहरूले पत्नीहरूलाई खीष्टले झैं बलिदानरूपी प्रेम गर्नुपर्छ । खीष्टले मण्डलीको लागि आफूलाई रित्याइकन आफ्नो प्राण दिनुभएको थियो । इसाई पतिले आफ्नी पत्नीलाई दिनुपर्ने मापदण्ड यही हो ।

परमेश्वरले पति-पत्नी दुवैलाइ स्पष्ट निर्देशन दिनुभएको छ । उनीहरू बीच आइपर्ने बाधा-अड्चन, समस्या समाधानका निमित्त दुवै तर्फबाट परमेश्वरले दिनुभएको मार्ग निर्देशनलाई पछ्याउनुपर्छ ।

यी सबै सम्भव हुन्छन् जब श्रीमान् र श्रीमती दुवै परमेश्वरको नजीक छन् र परिवारमा पारिवारिक वेदी रहेको हुन्छ अर्थात् परिवार सधैं परमेश्वरका वचन र प्रार्थनाका निमित्त भेट्छन् । खर्चको अभाव, श्रीमान्-श्रीमतीका पुरुष वा महिला साथीहरू, छोराछोरीको अनुशासनसम्बन्धी कुराहरू, श्रीमान् र श्रीमती तर्फका शाखा सन्तानका कुरा, जाँड-रक्सी सेवन आदि आदि कुराहरूले घरमा झैं झगडा, अशान्ति ल्याउँछ । यस्तो समयमा कसैले पनि एकलौटी निर्णय लिनुहुन्न साथै म ठीक र “ऊ” बेठीक भनी कहिल्यै निर्णय गर्नुहुन्न । यदि पति वा पत्नी आत्माले भरिएको विश्वासी भनी भन्छन् भने सबैभन्दा पहिले एकछिन चूपचाप रही सहायताको निम्ति परमेश्वरसँग गोप्य-प्रार्थना गर्नु आवश्यक छ । दुईमध्ये एकले मात्र यसो गरे स्थिति सामान्य हुन्छ र केही समाधानका बाटो निस्कन्छ । यदि पति-पत्नी दुवै मिलेर प्रार्थना गरेमा त्यो दूषित स्थिति परिवर्तन भई परमेश्वरले दिनुभएअनुसार आनन्द र शान्तिको वातावरण आउनेछ ।

यसै गरी बाबु-आमा, छोराछोरीको सम्बन्ध पनि ठीक रहनु-पर्छ । यो भन्न सजिलो छ; गर्न गाह्रो तर विश्वासीरूको निमित्त उचित सल्लाह र मार्ग निर्देशन बाइबलमा प्रष्टाइएको छ । छोराछोरीले बाबु-आमाको आज्ञा पालन गर्नु र मान (इज्जत) गर्नुपर्छ (एफिसी ६:१-२) । वर्तमान समयमा छोराछोरीहरू आमा-बाबुभन्दा धेरै पढेका हुन्छन् र धेरै कुरा जान्ने हुन्छन् । यस्तो भएता पनि छोराछोरीले आमा-बाबुको

## शनिबार आराधना सेवामा वचनको सेवकाई गर्नुहुनेहरूको नामावली

| मिति | ज्ञानेश्वर | नगरकोट | सिर्जनानगर | ललितपुर | पनौती | गुरूजुधारा | भैंसेपाटी |
|---|---|---|---|---|---|---|---|
| **असोज २५** October 11 | पा. रोबर्ट कार्थक<br>पा. सामुएल कार्थक | श्री<br>सरुष मान तामाङ्ग | पाष्टर<br>अशोक मुखिया | डीकन<br>घन श्याम दाहाल | पाष्टर<br>दफ्तन सादा | श्री<br>दानिएल घले | एल्डर<br>शरण राई |
| **कार्तिक १** October 18 | पा. प्रेम श्रेष्ठ<br>पा. लार्स डनवर्ग<br>पा. प्रेम श्रेष्ठ | डीकन<br>मान बहादुर मगर | श्री<br>रमेश लामा | पाष्टर<br>दफ्तन सादा | डीकन<br>घनश्याम दाहाल | श्री<br>श्री राम सुर्खेती | एल्डर<br>ग्रेस खालिङ |
| **कार्तिक ८** October 25 | डीकन<br>अर्जुन ढकाल | पाष्टर<br>अशोक मुखिया | डीकन<br>सुरेश पुरकोटी | पाष्टर<br>रोबर्ट कार्थक | एल्डर<br>रूबेन श्रेष्ठ | डीकन<br>नवराज के.सी. | संयुक्त सेवा<br>ललितपुर चर्च |
| **कार्तिक १५** November 1 | पा. सामुएल कार्थक<br>पा. रोबर्ट कार्थक | डीकन<br>राजु तामाङ्ग | संयुक्त सेवा<br>ज्ञानेश्वर चर्च | पा. राजेन्द्र कु. रोंगोंग<br>पा. बी. बी. खवास | एल्डर<br>श्रीलक्ष्मी सैंजु | पाष्टर<br>रोल्याण्ड रोंगोंग | एल्डर<br>शरण राई |

आज्ञा-पालन र मान अथवा इज्जत गर्नुपर्छ(हितोपदेश २३:२२-२३) । यसबाट छोराछोरीहरूलाई भलाईका साथै दीर्घायु (एफिसी ६:३) प्राप्त हुन्छ । यी परमेश्वरका वचन हुन् यो अवश्य पूरा हुने नै छ ।

आमा-बाबुले पनि छोराछोरीहरूलाई रीस उठाउनु हुन्न । उनीहरूलाई प्रभुको "अनुशासन र शिक्षामा" हुर्काउनुपर्छ । यो सजिलो छैन । नियम पुऱ्याउने हिसाबले मात्र यो गरिनु हुन्न । बाबु-आमाले पहिले आफूलाई परमेश्वरको अनुशासनमा राख्न सक्नुपर्छ । आफूले गरेर, देखाएर भनेको कुरा प्रभावशाली हुन्छ । छोराछोरीलाई हुर्काउने र विशेषतः हुर्कँदै गरेका वा हुर्किसकेका छोराछोरीहरूको व्यवहार चुनौतीपूर्ण छ । हाम्रै संसारका ज्ञान-बुद्धिले हुन सक्तैन । यसका लागि परमेश्वरकोअनुग्रहमा आमा-बाबुले परिवर्तन गरिरहनुपर्छ । यी सबै भनाइले छोराछोरीलाई सधैँ फुर्काउनुपर्छ भन्ने होइन । उनीहरू पनि व्यक्ति हुन्, उनीहरूको पनि आफ्नो विचार हुन्छ, तर्क गर्ने क्षमता हुन्छ, इच्छा हुन्छ । यी सबै बुझेर आमा-बाबुले उनीहरूसित व्यवहार गर्नुपर्छ । हामीहरूको निम्ति प्रभु येशूले पवित्र आत्मा पठाइदिनुभएको छ । उहाँ हामीसँग सधैँ बस्नुहुने सल्लाहकार हुनुहुन्छ (यूहन्ना १४:१६) ।

पवित्र आत्मा परमेश्वरले हामीलाई चाहिएको ज्ञान-बुद्धि, सल्लाह, समझ, बाबु-आमा, छोराछोरी सबैलाई निरन्तर झिँझो नमानी दिनुहुन्छ ।

के हामी हाम्रा परिवारबाट परमेश्वरका महिमा भएको चाहन्छौं ? निर्णय हाम्रै परिवारको हो । सहायताको निमित्त पवित्र आत्मा हामीसँगै हुनुहुन्छ ।

## नेइम मिशन सम्मेलन

कार्तिक २५-२८ गते/नोभेम्बर ११-१४ तारिख मंगलबारदेखि शुक्रबारसम्म नेइम ज्ञानेश्वर मण्डलीमा हुने मिशन सम्मेलनमा वचनको सेवकाइ गर्नुहुने  पाष्टर चार्ल्स स्मिथ, अनुवाद गर्नुहुने,  विभिन्न मण्डलीहरूबाट आउनुहुने पाष्टर तथा सेवक/सेविकाहरूको यात्रा सो सम्मेलनमा लाग्ने खर्च साथै मिशन विभागको लागि प्रार्थना गरिदिऔं ।

| कार्यक्रम | बार | समय | स्थान | |
|---|---|---|---|---|
| आराधना सेवा | शनिबार | बिहान ७:३०, ९:३० र ११:३० बजे<br>बिहान ९:०० बजे र ११:३० बजे<br>बिहान १०:३० बजे<br>बिहान ९:००  बजे भैंसेपाटी | ज्ञानेश्वर<br>ललितपुर<br>गोंगबूँ,जोरपाटी, पनौती, नगरकोट, जहरसिंह पौवा, गाम्छा, गुरुजुधारा, सिर्जनानगर, रानीपौवा, सुन्दरीजल, धापासी र साँखु | |
| संयुक्त आराधना सेवा | अंग्रेजी महिनाको पहिलो शनिबार | | ज्ञानेश्वर, सिर्जनानगर (बिहान ७:३०, ९:३० र ११:३० बजे) | |
| | अंग्रेजी महिनाको दोस्रो शनिबार (बिहान १०:३० बजे) | | गोंगबूँ | |
| | अंग्रेजी महिनाको तेस्रो शनिबार (बिहान १०:३० बजे) | | जोरपाटी, गाम्छा, जहरसिंह पौवा, सुन्दरीजल, साँखु | |
| | अंग्रेजी महिनाको चौथो शनिबार (बिहान १०:०० बजे) | | ललितपुर, गुरुजुधारा, भैंसेपाटी | |
| आत्मिकी तथा चंगाई सेवा | | महिनामा एक पटक<br>महिनामा दुई पटक | ज्ञानेश्वर, ललितपुर, गोंगबू, सिर्जनानगर भक्तपुर, गाम्छा, सुन्दरीजल<br>जोरपाटी | |
| घरेलु संगति | आइतबार देखि शुक्रबारसम्म साथै हप्ताको अरू समयहरूमा विभिन्न ठाउँहरू | | | |
| प्रार्थना सभा | आइतबार | बिहान ६:०० बजे | नयाँ बानेश्वर, कपन | बेलुकी ६:०० बजे लिपिकोट |
| | सोमबार | बिहान ५:०० बजे | गोल्फुटार | |
| | सोमबार | बिहान ६:०० बजे | जोरपाटी, नाङ्लेभारे, गाम्छा, नयाँपाटी, थली, मूलपानी-२, साँखु, गोंगबूँ, पनौती, सिर्जनानगर | |
| | मंगलबार | बिहान ६:०० बजे | ज्ञानेश्वर, धापासी, बौद्ध-बज्रनगर, कमलाक्षी, मनहरा पुल (पेप्सीकोला), पिंगलास्थान, ताहाचल | |
| | बुधबार | बिहान ६:०० बजे | ज्ञानेश्वर, ललितपुर, जोरपाटी, मूलपानी-१, पनौती, सरस्वतीनगर, गुरुजुधारा, भैसेपाटी, कमलाक्षी, ताहाचल, बाँसघारी पतलीसडक | |
| | बिहीबार | बिहान ६:०० बजे | गोंगबूँ | |
| | शुक्रबार | बिहान ६:०० बजे | ललितपुर, जोरपाटी, गोंगबूँ, कालीमाटी, गाम्छा, सुन्दरीजल, ठिमी-नगदेश | दिउँसो ३:०० बजे पनौती |

| शनिबार आराधना सेवामा वचनको सेवकाई गर्नुहुनेहरुको नामावली | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| **मिति** | **जोरपाटी** | **गाम्छा** | **सुन्दरीजल** | **जहरसिंह पौवा** | **साँखु** | **गोंगबू** | **धापासी** | **रानीपौवा** |
| **असोज २५** October 11 | पाष्टर महेश थांजु | एल्डर अष्ट श्रेष्ठ | एल्डर दानिएल सापकोटा | एल्डर जमान घ्लान | एल्डर सागर थापा | पाष्टर रोबर्ट कार्थक | संयुक्त सेवा गोंगबू चर्च | डीकन बेन्जामिन तामाङ्ग |
| **कार्तिक १** October 18 | पाष्टर रोबर्ट कार्थक | **संयुक्त सेवा जोरपाटी चर्च** | | | | पाष्टर बर्णबास श्रेष्ठ | श्री जय सिंह | श्रीमती शान्ति तामाङ्ग |
| **कार्तिक ८** October 25 | एल्डर गोपी राई डीकन पासाङ्ग तामाङ्ग | श्री राज गुरूङ्ग | डीकन नर बहादुर श्रेष्ठ | श्रीमती चिनु घ्लान | श्री अशोक सुनार | डीकन जिल्वर्ट मिशो | एल्डर राजु श्रेष्ठ | श्री जय सिंह |
| **कार्तिक १५** November 1 | एल्डर गोपी राई | डीकनेस् राम माया नगरकोटी | डीकन रवि श्रेष्ठ | एल्डर जमान घ्लान | एल्डर सागर थापा | पाष्टर बर्णबास श्रेष्ठ | पाष्टर अशोक मुखिया | संयुक्त सेवा गोंगबू चर्च |

# हार्दिक बधाई



भाद्र २९ गते/सेप्टेम्बर १४ तारिख आइतबार नेइम ज्ञानेश्वर चर्चको सदस्य सुश्री **ज्ञानु माया ओली** र दुबई नेपाली ख्रीष्टियन फेलोशीपको सदस्य श्री **दयान पाखिन**को नेइम ज्ञानेश्वर चर्चमा **पवित्र विवाह** सुसम्पन्न भई वैवाहिक जीवनमा एकसाथ बाँधिनुभएकोमा श्रीमान/श्रीमती **दयान र ज्ञानु माया पाखिन**लाई मण्डली परिवारको तर्फबाट हार्दिक बधाई एवं शुभकामना व्यक्त गर्दछौं ।



असोज ५ गते/सेप्टेम्बर २१ तारिख आइतबार नेइम जोरपाटी चर्चको सदस्य श्री **सुनील मुनिकार** र नेइम गाम्छा चर्चको सदस्य सुश्री **सावित्री नगरकोटी**को नेइम जोरपाटी चर्चमा **पवित्र विवाह** सुसम्पन्न भई वैवाहिक जीवनमा एकसाथ बाँधिनुभएकोमा श्रीमान/श्रीमती **सुनील र सावित्री मुनिकार**लाई मण्डली परिवारको तर्फबाट हार्दिक बधाई एवं शुभकामना व्यक्त गर्दछौं ।

## अक्टोबर महिनाको कार्यक्रम

कार्तिक ६ गते/अक्टोबर २३ तारिख बिहीबार बिहान ११:०० बजेदेखि कार्तिक ७ गते/अक्टोबर २४ तारिख शुक्रबार बिहान ११:०० बजेसम्म २४ घण्टाको आराधना नेइम ज्ञानेश्वर मण्डलीमा ।

## जानकारी

भाद्र ३१ गते/सेप्टेम्बर १६ ता. मंगलबार नेइम दोलखा मण्डलीको एल्डर श्री एलिया थामीलाई पाष्टर, अगुवा श्री बर्णबास थामी र अगुवा श्री ललित बहादुर खत्रीलाई एल्डर, श्री तिमोथी थामी, श्री कृष्ण थापा, श्री खड्ग बहादुर श्रेष्ठ र श्री शम्भू थापालाई डीकन साथै १२ जनालाई अगुवा अभिषेक गरियो । उक्त सेवकाइको लागि नेइमबाट पाष्टर डा. राजेन्द्र कुमार रोंगोंग साथै अन्य गुरुजनहरू जानुभएको थियो ।

# विषेश प्रार्थना

१) चाडपर्वको समयमा पानीको बप्तिस्मा लिनुभएकाहरू, प्रभुलाई ग्रहण गर्नुभएकाहरू साथै अधुरा परिवारमा हुनुभएका विश्वासीहरू सबै अप्ठचारो परिस्थितिमा स्थिर रहन पवित्र आत्माको सहायता मागिदिऔं ।

२) असोज/कार्तिक (अक्टोबर/नोभेम्बर) महिनामा देशका विभिन्न मण्डलीहरूमा हुने सेवा संगति तथा सम्मेलन-हरूको लागि प्रार्थना गरिदिऔं ।

३) सम्मेलनको समयमा मण्डलीबाट विभिन्न ठाउँ-ठाउँमा सेवकाइ साथै पारिवारिक भेटघाटको लागि जानु-भएकाहरूको लागि प्रार्थना गरिदिऔं ।

४. मण्डलीलाई परमेश्वरको इच्छाअनुसार पवित्र आत्माको सहायतामा शिक्षा दिन, हुर्काउन, डोऱ्याउन, वृद्धि गर्न र व्यवस्थित गर्दै लैजानको लागि नेइमअन्तर्गतका सम्पूर्ण अगुवाहरूको लागि प्रार्थना गरिदिऔं ।

५) सबैको हित हुने ठीक संविधान समयमा नै बन्न सकोस् भनी प्रार्थना गरिदिऔं, साथै संविधान निर्माण समितिको लागि पनि ज्ञान बुद्धि मागी दिऔं ।

६) देशको विभिन्न भागमा बाढी पहिरोको कारण दु:ख पाएकाहरूले समयमा नै राहतहरू पाउन सकून् साथै पुन:स्थापनको लागि प्रार्थना गरिदिऔं ।

७) येशू प्रभुको नाउँको खातिर सारा संसारभरि दु:ख कष्ट, खेदो सतावट सही रहनुभएका प्रभुको जनहरूको लागि प्रार्थना गरिदिऔं ।

८) मण्डलीअन्तर्गत भइरहेको सबै सेवा संगति, प्रार्थना सभा, बाइबल अध्ययन, पुरुष, महिला संगति, बाल संगति, आत्मिक सेवा साथै आराधना सेवामा आशिष् मागिदिऔं ।

| | | | | |
|---|---|---|---|---|
| **आइतबार Sunday** | १९ 5<br>सबै विश्वासीहरू सबै परिस्थितिमा प्रभुमा स्थिर रहन सकून् भनी प्रार्थना गरिदिऔं।<br>हिब्रू १२:१-३, याकूब १:२-४ | २६ 12<br>सेवा संगतिहरूमा सुनेका, पढेका वचनमा आज्ञाकारी हुन सकौं ।<br>१ शमूएल १५:२२-२३ | २ 19<br>शाखा/आवद्ध मण्डलीहरूका अगुवाहरूले परमेश्वरको बगाल मण्डलीलाई विश्वासयोग्यताका साथ सधैँ हेरचाह गरिरहन सकून् ।<br>एज्रा ७:१०, भजनसंग्रह ७८:७०-७२ | ९ 26<br>नेइम परिषदका गुरुजनहरूले परमेश्वरको इच्छामा पवित्र आत्माको शक्ति र अगुवाइमा मण्डलीलाई डोऱ्याउन सकून् ।<br>जकरिया ४:६, प्रेरित २०:२८ |
| **सोमबार Monday** | २० 6<br>हामी कोही पनि संसारसँग एकै चालको भएर दोहोरो जीवन जिउनेहरू नहोऔं ।<br>रोमी १२:२, कलस्सी ३:१० | २७ 13<br>हामी परमेश्वरका छोराछोरीहरू सधैँ दूधे बालकभैंm नहोऔं तर बढेका छोराछोरी भई परमेश्वरलाई महिमा दिनेहरू हुन सकौं ।<br>१ कोरिन्थी १३:११, हिब्रू ५:११-१४ | ३ 20<br>प्रभुले मण्डलीमा थपिरहनुभएका नयाँ आत्माहरूलाई प्रभुमा हुर्काउनको निम्ति सबैजना लागिपर्न सकौं ।<br>प्रेरित ११:२१-२६, तीतस २:११-१४ | १० 27<br>परमेश्वरप्रतिको प्रेममा धन्यवादी भई आफ्नो कमाईबाट दशांश साथै अन्य भेटी चढाउने काममा सधैँ इमान्दार भइरहन सकौं ।<br>२ कोरिन्थी ९:६-७,११ |
| **मंगलबार Tuesday** | २१ 7<br>अधुरो परिवारमा रहेकाहरू साथै प्रभुको खातिर दुःख कष्टमा परेकाहरूको लागि प्रार्थना गरिदिऔं ।<br>यूहन्ना १६:३३, १ पत्रुस ४:१२-१६ | २८ 14<br>मंगलबार हुने आत्मिकी तथा चंगाई सेवाद्वारा मण्डलीमा जागृति, चंगाई, छुट्कारा आत्माको नविकरण, ताजापन, उत्साह, चिन्ह र आश्चर्यकर्म देख्न सकौं ।<br>भजनसंग्रह ३०:११-१२, यशैया ३५:३-७ | ४ 21<br>प्रतिज्ञा गरिएको आशिष् प्राप्त गर्नको लागि विश्वासको पाइला अघि बढाउँदै जान सकौं ।<br>यहोशू १:२-९ | ११ 28<br>मण्डलीका सबै दम्पत्तिहरूको पारिवारिक जीवन एकअर्का र मण्डलीको लागि आशिषमय बन्न सकून् ।<br>गन्ती ६:२४-२६, रोमी १६:१-४ |
| **बुधबार Wednesday** | २२ 8<br>सबै घरेलु संगतिहरूमा वचनबाट सिक्दै सिकाउँदै साथै एकअर्कालाई सहयोग र उत्साह दिँदै एकआपसको घनिष्ठता सबै विश्वासीहरूमा अझ बढेर गएको होस् ।<br>एफिसी ४:११-१६ | २९ 15<br>प्रत्येक विश्वासीहरू आफ्नो टोल, छिमेक, नातेदार, साथीभाइ र घरानाहरूको बीचमा प्रभुको साँचो साक्षी र गवाही भएर जिउन सकून् ।<br>हितोपदेश ११:३०, तीतस ३:१-८ | ५ 22<br>येशू प्रभुलाई विश्वास गर्नेहरू केवल विश्वासीहरू मात्र होइन तर ख्रीष्टको साक्षी भएर जिउन सकून् ।<br>मत्ती ५:१६, एफिसी ५:८-१८ | १२ 29<br>मण्डलीका सबै विश्वासीहरू परमेश्वरको इच्छाअनुसार जिउनको लागि पवित्र आत्माको सहायता मागिदिऔं ।<br>मत्ती ६:१०, एफिसी ५:१५-२१ |
| **बिहीबार Thursday** | २३ 9<br>मण्डलीका सबै बालबालिकाहरूको लागि आशिष गरिदिऔं ।<br>यशैया ६१:९ | ३० 16<br>हामी सबै एकआपसमा सधैँ प्रेम, मेलमिलाप र एकतामा रही एकअर्काको लागि साथै समाजको लागि पनि आशिष् बन्न सकौं ।<br>एफिसी ४:१-४, ३०-३२ | ६ 23<br>मण्डली साँचो आराधना गर्नेहरू भई परमेश्वरलाई महिमा दिनेहरू हुन सकून् ।<br>यूहन्ना ४:२३-२४, एफिसी ५:२० | १३ 30<br>प्रत्येक परिवारमा प्रभुलाई पाहुना होइन तर सधैँ प्रभु मानेर आदर गर्नेहरू हुन सकून् ।<br>भजनसंग्रह १२८:१-४ |
| **शुक्रबार Friday** | २४ 10<br>शनिबारको आराधना सेवा साथै अन्य सेवा संगतिहरूद्वारा मण्डली अझै आत्मिकी रूपमा बढ्दै जान सकून् ।<br>प्रेरित २:४२-४७ | ३१ 17<br>विभिन्न विचार लिएर मण्डलीमा पहिलो पल्ट आउनुहुने प्रत्येक जो-कोही पनि परमेश्वरको वचनद्वारा परिवर्तन भएको होस् ।<br>हिब्रू४:१२-१४, इजकिएल ११:१९-२० | ७ 24<br>प्रत्येक शनिबार मण्डलीमा पहिलो पल्ट आउनुहुने सबैले ख्रीष्ट प्रभुले दिनुहुने पाप-क्षमा र सितैको मुक्ति विश्वासद्वारा ग्रहण गर्न सकून् ।<br>यूहन्ना ३:१६-१६ | १४ 31<br>आराधना सेवामा सबैजना आराधना गर्न वचन सुन्न र आज्ञाकारी हुन हृदयको तयारीको साथ आउन सकून् ।<br>भजनसंग्रह ११९:१६२-१७५ |
| **शनिबार Saturday** | २५ 11<br>अधुरा घरानाका सम्पूर्ण सदस्यहरूले समय छँदै प्रभु येशू ख्रीष्टले दिनुहुने मुक्ति र उद्धार ग्रहण गर्न सकून् ।<br>भजनसंग्रह १२१:१-८ | १ कार्तिक 18<br>विभिन्न देशहरूमा काम, पढाइ तथा अन्य कारणले जानुभएकाहरूको लागि सुरक्षा र सबै कुराहरूमा परमेश्वरको आशिष मागिदिऔं ।<br>भजनसंग्रह १२१:१-८ | ८ 25<br>सरकारी, इसाई संघ-संस्थाहरूमा सेवकाइ गरिराख्नुभएका साथै विभिन्न व्यापार, व्यवसाय गर्नेहरू आफ्नो कामप्रति इमान्दार हुन सकून् ।<br>हितोपदेश ११:१ | १५ November 1<br>मण्डलीको चार खाँबो पुरुष, महिला, जवान र बाल संगति आत्मिक क्षेत्रमा एकै रूपमा बढ्दै जान सकून् ।<br>एफिसी ४:१२-१६ |

**त्यो मानिस धन्यको हो, जसको सहायता याकूबका परमेश्वरमा छ, जसको आशा परमप्रभु त्यसका परमेश्वरमा हुन्छ ।**

**भजनसंग्रह १४६:५**